# दशैं, तिहार, छठ लक्षित बैठकहरुको निर्णयहरु

१. नजिकिदै गरेको नेपालीहरुको माहान चाड दशैं, तिहार र छठ पर्वको अवसरमा देश तथा विदेशमा रहनुहुने ओखल्ढुङ्गाबासी सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा शुख, शान्ति, समृध्दी, सुंस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्ने।

२. चाडपर्वको अवसरमा यस जिल्लाको विभिन्न स्थानमा परम्परागत रुपमा लाग्ने मेला, महोत्सव, पुजा तथा धार्मिक कार्यहरु, सांस्कृतिक र खेलकुदका कार्यक्रमहरु शान्त र सभ्य रुपमा संचालन गर्ने/गराउने व्यवस्थाका लागि आ-आफ्नो तर्फबाट समन्बय र सहयोग गर्ने।

३. आसन्न चाडपर्वहरु नेपाली संस्कृति र परम्परा अनुसार उल्लासमय वातावरणमा मनाउन, चाड पर्वमा मादक पदार्थ सेवन गरी झै-झगडा नगर्न र शान्ति सुंव्यवस्थामा खलल पुग्ने कुनै पनि कार्य नगर्न नगराउन जिल्लाबासी नागरिकहरुलाई अनुरोध गर्ने र सुरक्षा व्यवस्थामा असर पुग्ने कार्य भएको वा हुन सक्ने सूचना पाएमा तत्काल नजिकको सुरक्षा निकायमा खवर गर्ने।

४. चाडपर्वलाई लक्षित गरी हुन सक्ने अपराधजन्य क्रियाकलापहरु नियन्त्रण गर्न सुरक्षा निकायहरुले एक आपसमा समन्वय गरी गस्ती तथा पट्रोलिङ्ग बढाउने।

५. आसन्न चाडपर्वलाई लक्षित गरी दैनिक उपभोग्य वस्तुहरुको अभाव सिर्जना हुन नदिने, जिल्लाभर दैनिक उपभोग्य वस्तुहरुको उपलब्धता सहझ तुल्याउने, कानून विपरीत मूल्य अभिवृद्धि, कृतिम अभाव, म्याद सकिएका र लेवल नलगाइएका सामानहरु आयात एवं विक्री वितरण नगर्ने । सबै उद्योगी, व्यापारीहरुले अनिवार्य रुपमा उपभोक्ता मूल्यसूची राख्ने ।

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ञ) स्थानीय बजार व्यवस्थापन गर्ने कार्य स्थानीय तहहरुको कार्य क्षेत्रभित्र समेत पर्ने भएकोले आ-आफ्नो पालिका भित्रका मुख्य बजार क्षेत्रहरु अनुगमन गरी उपभोक्ता हीत कायम गर्ने गरी बजार अनुगमनको व्यवस्था मिलाउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

७. चाडपर्वलाई लक्षित गरी छठपर्व सम्मको लागि छुट मूल्यसूची प्रकाशन गरी चाडपर्व केन्द्रित शुभकामना सन्देशहरु सहितको दशैं, तिहार, छठ लक्षित बजार संचालन गर्ने व्यवस्था उद्योग वाणिज्य संघले मिलाउने ।

८. नजिकिंदै गरेको चाडपर्वहरुलाई लक्षित गरी जिल्ला स्थित बैंक तथा वित्तिय संस्थाहरुले सहजरुपमा नयाँ नोट सटहीको व्यवस्था मिलाउने तथा यस जिल्लाभित्रका विभिन्न स्थानहरुमा रहेको ATM मेशिनमा रकम राखि सेवाग्राहीहरुलाई सहजरुपमा रकम झिक्न सक्ने व्यवस्था मिलाउने । बैंक

तथा ATM सुरक्षाको उचित प्रबन्ध बैंक तथा वित्तिय संस्थाहरुले सुरक्षा निकायसंग समन्वय गरी मिलाउने।

९. पेट्रोलियम पदार्थहरुको आयात र वितरणमा सहजता ल्याई पेट्रोलियम पदार्थ अभाव सिर्जना हुन नदिने व्यवस्था पेट्रोलियम पदार्थ व्यवसायीहरुले मिलाउने ।

१०. यस जिल्ला सदरमुकाबाट पालिकाको केन्द्रसम्म जाने मुख्य मार्गहरु र विभिन्न स्थानबाट पालिकाको केन्द्रसम्म आउने अन्य सहायक मार्गहरु मर्मत गर्नुपर्ने भए गरी यात्रुहरुलाई सहजता कायम गर्ने गराउने व्यवस्थाका लागि सबै स्थानीय तहहरुले र सडकसंग सम्बन्धित अन्य कार्यालयहरुले सडक मर्मत गरी तत्काल यातायत सहज रुपमा संचालन हुने व्यवस्था मिलाउने ।

११. चाडपर्वको अवसरमा आफन्त भेटघाट तथा टिका थाप्न आवत जावत बढी भै यात्रुहरुको चाप बढ्ने हुँदा आवश्यकतानुसार विभिन्न रुटहरुमा चल्ने सवारीहरु थप गर्ने, सिट क्षमता भन्दा बढी यात्रुहरु नराख्ने, सवार यात्रुहरुको अभिलेख राखी यात्रु टिकट जारी गर्ने, तोकिएको भाडादर काउण्टरमा देखिने गरी राख्ने, बढी भाडा नलिने तथा यात्रुमैत्री व्यवहारलाई बढावा दिई यातायात व्यवसायलाई सहज रुपमा संचालन गर्ने व्यवस्था यातायात व्यवसायीहरुले मिलाउने। उल्लेखित व्यवस्था कार्यान्बयनको अनुगमन र कार्बाही जिल्ला ट्राफिक कार्यालयले गर्ने ।

१२. ओखल्दुङ्गा बजार क्षेत्र र अन्य प्रमुख बजार क्षेत्रभित्र मादक पदार्थ सेवन गरी तिव्र गतिमा विना हेल्मेट, क्षमता भन्दा बढी मान्छेहरु चढी सवारी चलाउने कार्यहरुलाई पूर्णरुपमा नियन्त्रण गरी बढदै गरेको सवारी दुर्घटना न्यूनिकरण र नियन्त्रण जिल्ला ट्राफिक कार्यालयले गर्ने।

१३. आवश्यकतानुसार अन्य वितरण केन्द्रहरुसँग समन्बय गरी २४ सै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था नेपाल विद्युत प्राधिकरण ओखलढुंगा शाखाले मिलाउने।

१४. टेलिफोन र इन्टरनेट सेवा अवरुद्ध नहुन र भईहाले पनि तत्काल मर्मत गरी सुचारु हुने व्यवस्था नेपाल टेलिकमले र इन्टरनेट सेवा प्रदायकहरुले मिलाउने ।

१५. होटल, रेष्टुरेण्ट, फास्टफुट व्यवसायीहरुले सडेगलेका, बासी, दुषित खाद्य पदार्थ बिक्रि नगर्ने, सरसफाइमा विशेष ध्यान दिने, आफ्नो व्यवसाय सम्बन्धी कागजात अद्यावधिक गर्ने, मूल्यसूची टाँस गर्ने, लजहरुले बास बस्ने व्यक्तिहरुको अभिलेख अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउने ।

१६. निर्माण व्यवसायी संघहरुले आफू संवद्ध निर्माण व्यवसायीहरुलाई सार्वजनिक सडक अवरुद्ध हुने गरी निर्माण सामग्री नराख्न र काहीकतै राजमार्ग/ सडक अवरुद्ध भए तत्काल सूचारु गर्न समन्वय र सहयोग गर्ने व्यवस्था मिलाउने ।

१७. चाडपर्वको समयमा दैनिक उपभोग्य वस्तु माछामासु, फलफुल, दुग्धजन्य पदार्थहरु लगायतका पसलहरुको गुणस्तर, मूल्य, सरसफाइका सम्बन्धमा बजार क्षेत्रभित्र सिद्दीचरण नगरपालिका, कृषि

ज्ञानकेन्द्र र भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले अनुगमनको व्यवस्था मिलाउने ।साथै संयुक्त बजार अनुगमन टोलीबाट बजार अनुगमनको कार्यलाई तिब्र बनाउने ।

१८. चाडपर्वको समयमा पटका, आतशबाजी लगायतका विष्पोटक पदार्थ तथा नियन्त्रित र निषेधित वस्तुको अवैध आयात, ओसार पसार र विक्री वितरण तथा प्रयोग नगर्ने व्यवस्था उद्योग वाणिज्य संघले मिलाउने । निषेधित वस्तुको आयत तथा निर्यात नियन्त्रण प्रति सुरक्षा निकायहरु सतर्क रहने ।

१९. सरकारी कार्यालयहरुले सरकारी सवारीहरुको दुरुपयोग नगर्ने ।कार्यालयको अत्याबश्यक कामका लगि प्रयोग गर्नुपर्ने भएमा अनुमति लिने ।जिल्ला प्रहरी कार्यालय ओखल्दुङ्गाले सरकारी सवारी दुरुपयोगको निगरानी गर्ने अनुमति नभएका सवारी साधनहरु नियन्त्रणमा लिने ।

२०. अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालयहरु (अस्पताल, विद्युत, टेलिकम) ले विदाको समयमा समेत नियमित सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

२१. नेपाल खाद्य तथा व्यापार कम्पनि, ओखलढुङ्गा कार्यालयले चाडपर्वलाई लक्षित गरी छुट सहितको उपलब्ध दैनिक उपभोग्यवस्तु विक्री वितरणको प्रबन्ध मिलाउने ।

२२. उल्लेखित सूचनाहरु संप्रेषण गरी आम जिल्लाबासीलाई जानकारी गराइदिनको लागि पत्रकार महासंघ, ओखल्दुङ्गा शाखालाई अनुरोध गर्ने।